# प्रेस विज्ञप्ति- २९९

# Press Release-299

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ।
मिति: २०७८।०६।२४ गते।

## नेपालबाट हङकङ चरेश कारोबार गर्ने गिरोह पक्राउ

१. मिति २०७८।०६।१४ गते लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वर र महानगरीय प्रहरी परिसर ललितपुरको संयुक्त टोलीले ललितपुर -२० मानभवन स्थितमा रहेको Blue Star Cargo बाट हङकङ पठाउन लागेको अवस्थामा थाङ्का ९ -थान र सो मा प्रयोग हुने काठको डण्डी भित्र लुकाई राखिएको **लागू औषध चरेस -३ के.जी. ५० ग्राम** सहित जिल्ला मोरङ, उर्लाबारी -८ घर भएका **वर्ष-३२ को अन्जित थापा**लाई पक्राउ गरेको।

२. सोही दिन थप अनुसन्धानको सिलसिलामा अन्जित थापालाई सो सामान दिने जिल्ला सिन्धुपाल्चोक, सुनकोसी गा.पा.-५ ठेगाना भई हाल हात्तिवन बस्ने **वर्ष ३० को सुजन श्रेष्ठ**लाई पक्राउ गरिएको।

३. अनुसन्धानकै सिलसिलामा सोही दिन का.जि.का.म.न.पा.वडा नं. -१४ खसिबजार स्थित बाट सुजन श्रेष्ठलाई चरेश दिने जिल्ला सिन्धुपाल्चोक लिसखु गा.पा. -५ ठेगाना भएको बर्ष -४१ को **सागर भन्ने जालिन्द्र श्रेष्ठ**लाई पक्राउ गरिएको र निजको डेराकोठाबाट सानो थाङ्कामा प्रयोग हुने आयातकार आकारको काठको लिस्टि थान -९६ भित्र लुकाई छिपाई राखेको **लागू औषध चरेश-२ के.जि. ४० ग्राम**, फेबिकोल डब्बा -२, फलामको हेक्सा ब्लेड -२, छिनो -२, चक्कु -१, हतौडा -२, धार लगाउने सिल्ली -१, फलामको ढुङ्ग्रो -२, र्‍यापिङ टेप -४ रोल बरामद गरिएको।

४. थप अनुसन्धानको सिलसिलामा मिति २०७८/०६/१५ गते जि. पर्सा, सखुवापर्सौनी गा.पा.१ घर भई हाल का.जि.का.म.न.पा. -६ बौद्द, नयाँबस्ति स्थित सिलाई बुनाई काम गर्ने दिनदयाल महतो उरावको कोठामा निज **दिन दयाल महतो उराव र दिपेन्द्र महतो उराव**लाई सानो थाङ्कामा प्रयोग हुने आयातकार आकारको काठको लिस्टि -११३ थानमा लुकाई छिपाई राखिएको **लागू औषध चरेस -२ के.जी. ८७५ ग्राम**,, डिजिटल तराजू -३, सिलाई मेशिन -१, रोलिङ मेशिन -१, फेबिकोल -२, सोली आकारको डमरू जस्तो देखिने हस्तकला -७, थाङ्का सिलाउन प्रयोग हुने धागो कार्टुन रोल -२, सोली आकारको कागजको टुक्रा -१, छिनो -१, वृत आकारको हस्तकला -१०, बुद्दको चित्र भएको थाङ्का -६, स्टिल पेपर गोलो आकारको रोल -४, नगद रु. १ लाख सहित पक्राउ गरिएको।

५. थप अनुसन्धानको सिलसिलामा मिति २०७८/०६/१५ गते का.जि.का.म.न.पा. -१४ कलंकीबाट सागर भन्ने जालिन्द्र श्रेष्ठ र सुजन श्रेष्ठलाई लागू औषध चरेस बिक्री गर्ने जिल्ला मकवानपुर थाहा न.पा. -११ बस्ने **वर्ष -४५ को रबि मुक्तान**लाई पक्राउ गरि निजको डेराकोठाबाट **लागू औषध चरेस -९ ग्राम ५०० मिलीग्राम** बरामद गरिएको।

६. मिति २०७८/०६/१६ गते का.जि.का.म.न.पा. -१४ कलंकीबाट रवि मुक्तानलाई लागू औषध चरेस उपलब्ध गराउने जि. धादिङ थाक्रे गा.पा. -३ बस्ने **वर्ष -२३ को मोतीलाल तामाङ**लाई **लागू औषध चरेस २ ग्राम ५०० मिलीग्राम** सहित पक्राउ गरिएको। निजले धादिङ लगायत बिभिन्न स्थानबाट लागू औषध चरेस संकलन गरी उपलब्ध गराउने गरेको।

*निजहरुलाई लागू औषध (नियन्त्रण) ऐन २०३३ अन्तर्गत कानुन बमोजिम म्यादथप गरि आबश्यक थप अनुसन्धान गर्ने कार्य भईरहेको।*

**नोट:- जम्मा लागू औषध चरेश ७ के.जि.९७७ ग्राम, नगद रु. १,००,०००।– (एक लाख) सहित जम्मा पक्राउ प्रतिवादी ७ जना। अनुसन्धानबाट नेपालबाट बिभिन्न हस्तकलाका सामानहरुमा चरेश लुकाई कार्गोबाट हङकङ पठाउने कुरा खुल्न आएको।**

**प्रवक्ता एवं सूचना अधिकारी**
(जीवन कुमार श्रेष्ठ)
प्रहरी उपरीक्षक
सम्पर्क नं. ९८५११३२७४३

•••


लागू औषध नियन्त्रण ब्यूरो
GOVERNMENT OF NEPAL
MINISTRY OF HOME AFFAIRS
Narcotics Control Bureau
Dalima






Hong Kong
अन्जित थापा
सुजन श्रेष्ठ
दिन दयाल महतो उराउ
दिपेन्द्र महत्व उराउ (टेलर वाला)
सागर भन्ने "जालिन्द्र श्रेष्ठ"
रवि मुक्तान
मोतीलाल मोक्तान











